STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १३ गते बुधबार ❑ 29 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मुलुकलाई ताजा जनादेशमा लानु नै उपयुक्त : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, १२ असोज**

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले संसद् नियमितरूपमा सञ्चालन र सरकार विस्तार हुन नसक्ने स्थिति रहिरहने हो भने मुलुकलाई ताजा जनादेशमा लानु नै उपयुक्त भएको बताउनुभएको छ।

एमालेको आसन्न विधान महाधिवेशनका सन्दर्भमा मंगलबार विभिन्न सञ्चारमाध्यमका सम्पादक एवं वरिष्ठ पत्रकारसँगको छलफल कार्यक्रममा अध्यक्ष ओलीले यही सरकारले प्रतिनिधिसभाको कार्यकाल अगावै निर्वाचन गराए आफूहरू प्रतिपक्षमै रहेर सहभागी हुने स्पष्ट गर्नुभयो। पत्रकारको एक प्रश्नमा पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "संसद् र जनताको स्थिरता र समृद्धिको चाहनाका लागि दिइएको बहुमूल्य समय बर्बाद गर्नुहुँदैन। यस्तो अवस्थामा 'अर्ली इलेक्सन'मा जान उपयुक्त हुन्छ।"

लोकतान्त्रिक प्रणालीमा जाँदा जनादेशमा जाने कुरालाई प्रतिगमन नभई अग्रगमन भन्नुपर्ने तर्क गर्दै उहाँले विगतमा प्रतिनिधिसभा विघटन गर्ने आफ्नो निर्णयलाई सर्वोच्च अदालतबाट पुनःस्थापना गराइएकामा आफूहरूले आलोचनासहित फैसलालाई मानेको स्पष्ट गर्नुभयो।

अध्यक्ष ओलीले संविधानमा भएको व्यवस्था विपरीत नयाँ दल खोल्न पाउने अध्यादेश ल्याइएकामा विरोध गर्दै सो अध्यादेशलाई फिर्ता गर्दा पनि संसदीय प्रक्रियाको पालना नगरिएको टिप्पणी गर्नुभयो।

अमेरिकी सहायता मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौतालाई अनुमोदन गराउनुपरेमा नेपाली कांग्रेसलाई सघाउनुहुन्छ भन्ने प्रश्नमा अध्यक्ष ओलीले विगतमा कांग्रेस, माओवादी केन्द्रको गठनबन्धन सरकार भएका बेला उक्त सम्झौता भएकाले अहिले त्यसलाई कसरी अघि बढाउने भन्नेबारेमा सत्तापक्ष स्पष्ट हुनुपर्छ भनेर आफूले सदनमा स्मरण गराएको उल्लेख गर्नुभयो। उहाँले त्यसबारे आफूहरूसँग सरकारले कुनै परामर्श नगरेकाले अहिले पार्टीले धारणा बनाइहाल्नु नपर्ने जिकिर गर्नुभयो।

यसै गरी अध्यक्ष ओलीले आउने विधान महाधिवेशनबाट पार्टीको केन्द्रीय कमिटीमा ३३ प्रतिशत महिला अनिवार्य हुने विधान ल्याउने घोषणा गर्दै जनताको बहुदलीय जनवादको मार्गदर्शनमा त्यसलाई विकसित गर्दै समाजवादोन्मुख प्रणालीमा मुलुकलाई लान पार्टीले अगुवाइ गर्ने जनाउनुभयो।

अध्यक्ष ओलीलाई सम्पादकहरूले तत्कालीन नेकपा र एमालेको विभाजन रोक्न तथा अघिल्लो नेतृत्वको सरकार टिकाएर पाँच वर्ष सञ्चालन गर्न नसक्नुमा अध्यक्ष ओलीको काम गर्ने शैली वा व्यवहार जिम्मेवार हो होइन भन्नेलगायतका प्रश्न गरेका थिए। सम्पादकहरूले सञ्चार क्षेत्र सदैव आलोचक र जनपक्षीय हुने भएकाले यसले जुनसुकै सत्ताको पनि गलत कामबारे खबरदारी निरन्तर गर्ने स्पष्ट गरेका थिए। एमालेको पहिलो विधान महाधिवेशन यही असोज १५ देखि १७ गतेसम्म ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा हुँदैछ।

## पोखरा र बागलुङ बसपार्कमा यात्रु सहायता कक्ष सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

आउँदै गरेको विजयादशमी, दीपावलीलगायतका चाडपर्वका समयमा यात्रुलाई आवश्यक सहयोगका लागि पोखराका दुई स्थानमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा ल्याइएको छ।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले पोखरा-९ पृथ्वीचोकस्थित बसपार्क र पोखरा-२ स्थित बाग्लुङ बसपार्कमा सहायता कक्ष सोमबारदेखि सञ्चालनमा ल्याइएको हो। सहायता कक्षमा एक ट्राफिक र एक जनपथ गरी दुई जना प्रहरी छन्। कक्षबाट यात्रु तथा सर्वसाधारणका गुनासालाई सम्बोधन गर्ने, सूचना सङ्कलन गर्ने र कोभिड-१९ का बारेमा सचेतना जगाउँदै मास्कलगायत स्वास्थ्य सामग्री वितरण गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अमृत बस्नेतले बताउनुभयो।

चाडपर्वका बेला अन्य समयको तुलनामा यात्रुको चाप बढी हुने, सुरक्षा चुनौती रहने र यातायात मजदुरलगायतबाट यात्रु ठगिने सम्भावना भएकाले सोको न्यूनीकरणका लागि सहायता कक्ष सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "विशेषगरी यात्रुलाई चाडपर्वका बेला आफ्नो गन्तव्यसम्म पुग्न कुनै पनि किसिमको कठिनाइ नहोस् र सुरक्षासम्बन्धी चुनौती नआओस् भनेर सहायता कक्ष सञ्चालन गरेका हौँ।" चाडपर्वका बेला यातायात मजदुर तथा व्यवसायीले तोकिएभन्दा बढी भाडा लिने, सिट क्षमताभन्दा बढी यात्रु राख्ने तथा निर्धारित गन्तव्यमा नपुर्‍याई बीचबाटामै छाडिदिने, यात्रुका सामान हराउनेलगायत गुनासा यात्रुबाट आउने गरेकाले सहायता कक्षबाट समाधान गरिने प्रहरीको भनाइ छ। कक्षमा ९८५६०१८३३० नम्बरको मोबाइल फोनको व्यवस्था गरिएको छ। प्रहरीले विगत वर्षमा समेत दशैंदेखि छठ पर्वसम्म सहरका विभिन्न स्थानमा सहायता कक्षबाट सेवा दिने गरेको थियो। चाडपर्वलाई लक्षित गरेर जिल्लाभित्र विभिन्न १५ स्थानमा चेक प्वाइन्ट स्थापना गरिएको बस्नेतले जानकारी दिनुभयो। पोखरा बसपार्कबाट पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म दिवा तथा रात्रि सेवाका बस सञ्चालन हुने गरेको छ। बाग्लुङ बसपार्कबाट साविकको धवलागिरि अञ्चलका पर्वत, म्याग्दी, बाग्लुङलगायतका जिल्लासहित ग्रामीण र छोटो दूरीमा बस सञ्चालन हुने गरेको छ।

यसैगरी पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एशोसिएशनले जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई ट्राफिक सङ्केत ज्याकेट, ट्राफिक सचेतना स्टिकर र मास्क हस्तान्तरण गरेको छ। एशोसिएशनका अध्यक्ष मोहनबाबु खड्काले सो सामग्री ट्राफिक प्रमुख बस्नेतलाई प्रदान गर्नुभएको हो। एशोसिएशनले विगतदेखि नै ट्राफिक प्रहरीसँगको समन्वयमा पोखरामा ट्राफिक सचेतना कार्यक्रम गर्दै आएको छ।

## तारा एयरले असोज २३ देखि पोखरा-जोमसोम नियमित उडान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

यती एअरलाइन्सको भगिनी संस्था तारा एयरले आगामी असोज २३ देखि पोखरा-जोमसोम उडानलाई नियमित गर्ने भएको छ।

विश्वका विभिन्न मुलुकसहित नेपालमा पनि कोरोना भाइरस सङ्क्रमण देखिएसँगै बन्द रहेको धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिर खुला गरेसँगै तारा एयरले पनि आफ्नो बन्द रहेको उडानलाई सुचारु गर्न लागेको हो।

यती एअरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन बर्तौलाले नजिकिँदो चाडपर्व र मुक्तिनाथ दर्शनका लागि जाने यात्रुलाई लक्षित गरेर पोखरा-जोमसोम उडान सुचारु गर्न लागेको जानकारी दिनुभयो। "राति पोखरामा जहाज राखेर तारा एयरको १९ सिटे विमानमार्फत दैनिक उडान गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "कोरोना महामारीका कारण बन्द हुनुभन्दा पहिले ताराले पोखरा-जोमसोम यात्रुको चाप हेरेर दैनिक पाँचदेखि सात उडान भर्दै आएको थियो।"

जोमसोममा दिउँसो हावा चल्ने भएकाले वायुसेवा कम्पनीले बिहान १२ बजेभित्र नै उडान भरिसक्नुपर्ने हुन्छ। दुर्गममा उडान गर्ने वायुसेवामा तारा एयरले मात्र पोखरा, नेपालगञ्ज र काठमाडौँमा नियमित वायुयान राखेर दुर्गम क्षेत्रमा सेवा दिँदै आएको छ। तारा एयरसँग हाल दुर्गममा उडान भर्नका लागि चारवटा टुइनवटर विमान रहेका छन्। यसमार्फत लुक्ला, फाप्लु, सिमिकोट, डोल्पा, मुगु, जुम्ला, बाजुरालगायत दुर्गमका विमानस्थलमा नियमित तथा चार्टर उडान भर्दै आएको छ।

## गुणस्तरीय स्वास्थ्य सेवा प्राथमिकतामा- मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गुणस्तरीय स्वास्थ्य सेवा सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयद्वारा मंगलबार पोखरामा आयोजित आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समीक्षा गोष्ठीमा उहाँले प्रदेशवासीलाई स्वास्थ्य सेवाको सहज पहुँच अभिवृद्धिका लागि सरकार निरन्तर लागेको बताउनुभयो। कोरोनाको रोकथाम र नियन्त्रणका साथै प्रदेशवासीलाई खोप उपलब्ध गराउनका लागि सरकार लागिरहेको उहाँको भनाइ थियो।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारीले सरकारले प्रदेशमा सर्वसाधारणको स्वास्थ्य रक्षालाई प्राथमिकतामा राख्दै अघि बढेको बताउनुभयो। कोरोनाको रोकथाम र नियन्त्रणका लागि खोपको व्यवस्था गर्न निरन्तर लागिएको बताउँदै उहाँले प्रदेशभित्र छ लाख ८५ हजार ५८० जनाले पहिलो मात्रा र पाँच लाख ९१ हजार ९४७ ले दुवै मात्रासमेत लगाइसकेको जानकारी दिनुभयो। प्रदेशका अर्थमन्त्री रामजी बराल( जीवन)ले कोरोना महामारीको उपचारमाअहोरात्रखटिनेस्वास्थ्यकर्मी प्रशंसायोग्य भएको बताउनुभयो। स्वास्थ्य सेवाको गुणस्तरीयतालाई जोड दिनुपर्ने उहाँको भनाइ थियो।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले स्वास्थ्य सेवा व्यवसाय नभई सेवा क्षेत्र भएको कुरा सबैले मनन गर्नुपर्नेमा जोड दिनुभयो। कोरोना सङ्क्रमितको उपचारमा ज्यानको बाजी राखेर खट्ने स्वास्थ्यकर्मीको भूमिका उच्च प्रशंसायोग्य भएको उहाँले बताउनुभयो।

## एक हजार १५८ जना संक्रमित, ८.३ प्रतिशतमात्रै संक्रमण दर

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

पछिल्लो २४ घण्टामा एक हजार १५८ कोरोना सङ्क्रमित थपिएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १४ हजार तीन जनामा कोभिड-१९ परीक्षण गर्दा एक हजार १५८ जनामा सङ्क्रमण पाइएको हो। मंगलबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १८ हजार ४२२ पुगेको छ। हाल सङ्क्रमण दर १८.९ प्रतिशत रहेको छ।

यस्तै ५०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला २० रहेका छन्। मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, मकवानपुर, कास्की र रुपन्देहीमा पाँच सयभन्दा बढी सङ्क्रमित रहेका छन्। पछिल्लो २४ घण्टामा एक हजार ३१८ ले सङ्क्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने कूल सङ्ख्या सात लाख ६३ हजार ७३४ रहेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.३ प्रतिशत रहेको छ।

यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १२ जनाको ज्यान गएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ११५ जनाको निधन भइसकेको छ। हाल देशभर ३६४ जना सघन उपचार कक्ष (आइसियु), १२० जना भेन्टिलेटर, १७ हजार १२५ जना होम आइसोलेसन, एक हजार २९७ जना संस्थागत आइसोलेसन र ३२८ जना क्वारेन्टिनमा रहेका छन्। यस्तै मंगलबार देशभरि दुई लाख आठ हजार ९० ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ६९ लाख ६० हजार ८२८ ले पहिलो मात्रा र ६२ लाख पाँच हजार ७७० जनाले पूर्ण मात्राको खोप लगाएका छन्। यसैगरी नेपालमा सेप्टेम्बर महिनामा कोरोना भाइरसको सङ्क्रमण दर ८.३ प्रतिशतमात्र रहेको पाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले कोरोना परीक्षण गरिएकामध्ये सेप्टेम्बर महिनामा ८.३ प्रतिशतमा मात्र सङ्क्रमण रहेको पाइएको जानकारी दिनुभयो। आज १४ हजार तीनमा कोभिड-१९ परीक्षण गर्दा एक हजार १५८ जनामा सङ्क्रमण पाइएको थियो।

उहाँका अनुसार अघिल्लो अगष्ट महिनामा कूल परीक्षण गरिएकामध्ये १३.६ प्रतिशत रहेको थियो। एक महिनाको बीचमा सङ्क्रमण दर ५.३

बाँकी अन्तिम पृष्ठमा ▶▶

## परराष्ट्रमन्त्रीले लिएको शपथ बदर गर्न माग गर्दै सर्वोच्चमा रिट

**रासस**
**काठमाडौं, १२ असोज**

परराष्ट्रमन्त्री डा नारायण खड्काले लिएको शपथ बदर गर्न आदेश माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ।

राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री शेरबहादुर देउवालगायतलाई विपक्षी बनाई अधिवक्ता विशाल न्यौपानेले आज दायर गर्नुभएको रिट निवेदनमा कानून निर्माण नगरी गरिएको शपथ असंवैधानिक भएको उल्लेख छ। कानूनले परिकल्पना गरेको कुनै ढाँचाबिना असंवैधानिक तरिकाले शपथ गराइएको रिट निवेदनमा उल्लेख छ। संविधानबमोजिम कानून बनाई शपथ नलिएसम्म मन्त्रीको हैसियतमा काम नगर्न आदेशको माग रिट निवेदनमा गरिएको छ।

उक्त रिट निवेदनको प्रारम्भिक सुनुवाइका लागि पेशी बुधबारका लागि तोकिएको छ।

## चाडपर्वलाई खाद्यान्न र उपभोग्य सामग्रीमा ध्यान दिन निर्देशन

**रासस**
**काठमाडौं, १२ असोज**

संसदीय समितिअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले चाडपर्वका लागि आवश्यक पर्ने खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीमा ध्यान दिन सरकारलाई निर्देशन दिएको छ।

सिंहदरबारमा मंगलबार बसेको समितिको बैठकले चाडपर्वको बेलामा दैनिक उपभोग्य सामग्रीको पर्याप्तता, सुपथ मूल्य पसल र बजार अनुगमनमा ध्यान केन्द्रित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो। समितिका सभापति विमलप्रसाद श्रीवास्तवले बजारमा काठमाडौँमा चिनी र दुर्गमका जिल्लामा खाद्यान्न अभाव भएको जानकारी आएको भन्दै तत्काल आपूर्तिको व्यवस्था गर्न निर्देशन दिनुभएको हो। उहाँले विभिन्न पत्रपत्रिकामा दुर्गमका जिल्लामा कुहिएको चामल पठाइएको र केही जिल्लामा दसैंका लागि खाद्यान्न अभाव भएको सुनिएको भन्दै जानकारी माग गर्नुभएको थियो। समितिका सदस्यले चाडपर्वको समयमा बजारमा हुने कालोबजारीमा ध्यान केन्द्रित गर्न निर्देशन दिनुभएको थियो। समितिका सदस्य देवेन्द्र पौडेलले राज्यले दिएको छुट उपभोक्ताले अनुभूति गर्न नसकेको भन्दै सुपथ मूल्यका पसलमा पर्याप्त खाद्यान्नको बिक्री वितरणमा जोड दिनुभएको थियो।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कोरियाको सहयोगमा पोखरामा 'स्मार्ट ट्रान्सपोर्टेसन'

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

दक्षिण कोरियाले पोखराको यातायात व्यवस्थापनमा सहयोग गर्ने भएको छ। अन्तर्राष्ट्रिय पर्यटन दिवसका अवसरमा गण्डकी सरकारको निमन्त्रणामा पोखरा आउनुभएका नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क चोङ सुक र मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग सोमबार भएको भेटमा राजदूत सुकले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो।

पोखरा र आसपासको भौगोगिक अवस्थितिबाट आफू प्रभावित भएको उल्लेख गर्दै उहाँले पोखरामा स्मार्ट यातायात सञ्चालन र व्यस्थापनमा चासो व्यक्त गर्नुभयो। राजदूत सुकले कोरिया गण्डकी प्रदेशको व्यापार प्रवर्द्धनमा सघाउन तयार रहेको बताउँदै नेपालका थप युवालाई रोजगारी दिनेबारेमा पनि कोरिया सरकारले थप अभ्यास गरिरहेको जानकारी दिनुभयो।

भेटमा मुख्यमन्त्री पोखरेलले हजारौँ नेपाली युवाको उत्कृष्ट गन्तव्यका रूपमा दक्षिण कोरिया रहेको बताउँदै आयआर्जन गर्ने र प्रविधि सिक्ने राम्रो अवसरका रूपमा दक्षिण कोरियाको रोजगारीलाई उपयोग गर्ने गरेको बताउनुभयो।

नेपालमा प्रविधिको विकास तथा विस्तारमा दक्षिण कोरिया बलियो साझेदार भएको बताउँदै शिक्षा, स्वास्थ्य, ग्रामीण विकास, सुशासन, वातावरण परिवर्तन, उद्योग र ऊर्जाजस्ता क्षेत्रमा दक्षिण कोरिया सरकारको महत्वपूर्ण सहयोग रहेको उल्लेख गर्नुभयो। दक्षिण कोरियाले अनुदान र प्राविधिक सहयोगमा विशेष चासो दिने गरेको तथ्य स्मरण गर्दै उहाँले कोरिया इन्टरनेशनल को-अपरेसन एजेन्सी (कोइका)मार्फत पुऱ्याएको योगदान पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनुभयो।

प्रदेश सरकार कोभिड महामारीले थला परेको आर्थिक क्षेत्रको पुनरुत्थान र शिक्षा, स्वास्थ्य र पोषणजस्ता सामाजिक क्षेत्रको पुनर्जीवनका लागि उच्च प्राथमिकताका साथ काम गरिरहेको उहाँले बताउनुभयो। स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, अस्पतालको स्तरोन्नति, आधुनिक उपकरणको प्रयोग तथा स्वास्थ्य सेवा विस्तारमा विशेष काम गर्नुपरेको उहाँको भनाइ छ।

ग्रामीण क्षेत्रको विकास र गरिबी अन्त्य तथा रोजगारीको सिर्जनामा प्रदेश सरकारको विशेष चासो रहेको बताउँदै प्रदेशका उच्च प्रतिफल दिने, प्रतिस्पर्धात्मक क्षमता भएका उच्च मूल्यका कृषि, जडीबुटी आदिको उत्पादन, प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी विश्वबजारमा पुग्नसक्ने बनाउन थप काम गर्नुपर्ने बताउनुभयो।

दिगो विकास लक्ष्य हासिल गर्न एकीकृत प्रादेशिक तथ्याङ्क तयार पार्ने, स्थानीय तहलाई सूचक तथा प्राथमिकता तय गर्न सघाउने, अनुगमनले कमजोर देखिएका क्षेत्रमा सुधारका लागि लगानी गर्नुपर्ने मुख्यमन्त्री पोखरेलले बताउनुभयो। भेटमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्ले, प्रमुख सचिव डा दामोदर रेग्मी सहभागी हुनुहुन्थ्यो।



कुकुरलाई खोप : १५औं विश्व रेबिज विरुद्धको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत वालिङ नगरपालिका पशु सेवा शाखाका कर्मचारीहरु कुकुरलाई रेबिज बिरुद्धको खोप लगाउँदै। तस्वीर : रासस

# विद्यालय खुलेको १५ दिनमै पुनः बन्द

**पोखरापत्र संवाददाता**
**वालिङ, १२ असोज**

यहाँको एक विद्यालयका दुई छात्रामा कोरोना सङ्क्रमण पुष्टि भएपछि तीन दिनका लागि विद्यालय बन्द गरिएको छ। कोरोना सङ्क्रमणसँगै लामो समय बन्द भएको विद्यालय खुलेको १५ दिनमै कक्षा ९ मा अध्ययनरत दुई छात्रामा कोरोना पुष्टि भएपछि तीन दिनका लागि बन्द गरिएको हो।

स्याङ्जाको चापाकोट नगरपालिका-६ स्थित साँखर मोहमी माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत एक छात्रामा ज्वरो, रुघाखोकीलगायत लक्षण देखिएपछि विद्यालय समयमै नजिकै रहेको स्वास्थ्य चौकीमा एन्टिजेन परीक्षण गर्दा कोरोना पुष्टि भएको विद्यालयका प्रधानाध्यापक दीपक बस्ताकोटीले जानकारी दिनुभयो।

"कक्षा ९ मा अध्ययनरत एक छात्रामा ज्वरो आउने, रुघाखोकी लाग्ने, टाउको दुख्नेलगायत लक्षण देखिएकाले नजिकैको स्वास्थ्य चौकीमा कोरोना परीक्षण गऱ्यौँ", प्रअ बस्ताकोटीले भन्नुभयो, "ती छात्रामा कोरोना पुष्टि भएपछि उनीसँगै बसेका अन्य १० जना छात्र/छात्राको पनि एन्टिजेन परीक्षण गर्दा थप एक छात्रामा कोरोना पुष्टि भएको हो।" दुई छात्रामा कोरोना पुष्टि भएपछि अन्य विद्यार्थीमा सङ्क्रमण फैलिन नदिनका लागि विद्यालय व्यवस्थापन समिति र चापाकोट नगर शिक्षा समितिको निर्णयबमोजिम आजदेखि तीन दिन विद्यालय बन्द गरिएको प्रअ बस्ताकोटीले बताउनुभयो।

आगामी शुक्रबारदेखि विद्यालय सञ्चालन गर्ने र गेटमै ज्वरो परीक्षण गरी लक्षण देखिएका विद्यार्थीको एन्टिजेन परीक्षण गर्ने तयारी भइरहेको चापाकोट नगर शिक्षा शाखाप्रमुखदुर्गान्यौपानेलेजानकारी दिनुभयो। चापाकोटमा भदौ २७ गतेदेखि विद्यालय सञ्चालनमा आएका छन्। अन्य विद्यालयमा यस्तो समस्या नदेखिएकाले पठनपाठन कार्य नियमित सञ्चालन भइरहेको शिक्षा शाखा प्रमुख न्यौपानेले बताउनुभयो।

चापाकोट नगरपालिकाभित्र ४५ सामुदायिक र सात संस्थागत विद्यालय सञ्चालनमा छन्। कोभिड सङ्क्रमण देखिएको साँखर मोहमी माविमा कक्षा १ देखि १० सम्म कूल १७० जना छात्रछात्रा अध्ययनरत छन्।

# स्कुटर खरिदमा माधवलाई नगद एक लाख उपहार

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

यामाहा बाइकको पोखराको लागि आधिकारिक बिक्रेता भि ए डब्लु नयाँबजार पोखराले दशै तिहार विशेष मेला अन्तर्गत ल्याएको रेस फर यक स्किममा माधव परियारले एक लाख जितेका छन्।

उनले १२५ सिसीको रे जेट आर स्कुटर खरिद गर्दा पाएका हुन। उक्त स्कुटर दशै तिहार छुट पर्व स्किम अन्तर्गत रहेको भि ए डब्लु इन्टरप्राइजेजका प्रोपाइटर सरोज श्रेष्ठले जानकारी दिए। उक्त स्किम अर्न्तगत हरेक हप्ता लक्की ड्र मार्फत एक जना भाग्यमानी बिजेताले चार तोला बराबरको सुन प्राप्त गर्नेछन् भने हरेक महिना १२ तोलाको सुनको तास १ जनाले पाउनेछन्।




# राइजिङ क्लब र फुटसल पाँच धरान विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

पोखरामा जारी ए डिभिजन राष्ट्रिय फुटसल लिगअन्तर्गत आजको खेलमा द राइजिङ क्लब र फुटसल पाँच धरान विजयी भएका छन्।

अखिल नेपाल फुटबल सङ्घ(एन्फा)को आयोजनामा गत असोज २ गतेदेखि पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा सञ्चालन भइरहेको प्रतियोगिताको आजको पहिलो खेलमा राइजिङले ढुकु फुटसल हबलाई ५-३ गोल अन्तरले पराजित गरेको हो। खेलमा सुरुआत अग्रता ढुकुले बनाए पनि दोस्रो हाफमा सम्हालिन नसक्दा पराजित बन्न पुग्यो। राइजिङका मिलन राईले दुई तथा हेमन्त थापामगर, सुदीप गुरुङ र विवेक राइले एक/एक गोल गर्नुभयो। ढुकुका अमित लामा, प्रसिद्ध मगर, अभय रानाले एक/एक गोल गर्नुभयो।

खेलमा राइजिङका बिकु तामाङ म्यान अफ दी म्याच चुनिनु भयो र रु पाँच हजार पुरस्कार पाउनुभयो। यसैगरी आजको दोस्रो खेलमा घरेलु टोली सविन मेमोरियल पोखरा फुटसल ५ धरानसँग पराजित भएको छ। घरेलु टोलीको यो दोस्रो हार हो। फुटसल ५ धरानले सविनलाई ५-४ गोल अन्तरले पराजित गर्न सफल भयो। खेलमा सविनले सुरुआती ३ गोलको अग्रता बनाए पनि त्यसलाई जोगाउन नसक्दा खेलमा पराजित हुन पुग्यो। धरानका प्रवेश जोशी र विजय श्रेष्ठबाट समान दुई/दुई गोल र रञ्जित गुरुङले एक गोल गर्नुभयो। सविनका अभिनाश तामाङले दुई तथा मनोज गुरुङ र अनुप राना मगरले एक/एक गोल गर्नुभयो।असोज २२ गतेसम्म सञ्चालन हुने लिगको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन्। लिगको उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीले जनही रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

## एक हजार...

प्रतिशतले कमी आएको छ। यस्तै मन्त्रालयका अनुसार सेप्टेम्बर महिनामा पहिलो मात्रा ३१.३ प्रतिशत र पूर्णमात्रा २८.३ प्रतिशतले जनसङ्ख्याले कोरोनाविरुद्धको खोप लगाइसकेका छन्। सरकारले यही असोज मसान्तभित्र ३३ प्रतिशत जनसङ्ख्यालाई कोरोना भाइरसविरुद्धको खोप लगाउने लक्ष्य राखेको छ। यस्तै पुसमा दुई तिहाइ र चैत मसान्तसम्म सबै लक्षित नागरिकलाई खोप लगाउने सरकारको तयारी रहेको छ। यस्तै अगष्ट महिनामा २४.५ प्रतिशत पहिलो मात्रा र २०.५ प्रतिशत जनसङ्ख्याले पूर्ण मात्राको खोप लगाइसकेका थिए। अहिलेसम्म एक करोड २९ लाख ५८ हजार ५०८ ले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेका छन्। मन्त्रालयले खोप लगाउन बाँकी उमेर समूहले आफ्नो पालोमा खोप लगाउन आग्रह गरेको छ।

# आर्थिक समाज नेपालको साधारण सभा तथा अधिवेशन कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ असोज**

आर्थिक समाज नेपाल, कास्कीकोचौथो बार्षिक साधारण सभा, सामाजिक परिक्षण तथा पहिलो अधिवेशन कार्यक्रम संस्थाका अध्यक्ष कृष्णकुमार लामिछानेको अध्यक्षतामा र वन बिज्ञान अध्ययन संस्थान पोखराका उपप्रध्यापक, पर्यटन विधा तथा संस्थाका सल्लाहाकार श्रीकान्त खतिवडाको प्रमुख आतिथ्यतामा शनिबार सम्पन्न भएको छ।

संस्थाका कोषाध्यक्ष शिलु चालिसेले स्वगत गर्नुभएको, उक्त कार्यक्रममा महासचिव रमेश बहादुर खड्काले आ.ब. २०७७/०७८ को बार्षिक प्रगति प्रतिबेदन र आ.ब.२०७८ र ०७९ को नीति तथा कार्यक्रम, कोषाध्यक्ष शिलु चालिसेले पेश गर्नु भएको आ.ब.२०७७ र ०७८ को आर्थिक आय र ब्ययको बिबरण तथा आ.ब. २०७८ र ०७९को अनुमानित बजेट तथा कार्यक्रम सर्बसम्मतबाट पारित गरेको छ। उक्त कार्यक्रम बिद्युतिय प्रबिधि अर्थात भर्चुअल तथा जुम बिधिबाट महासचिव रमेशबहादुर खड्काले सञ्चालन गरेका थिए। प्रमुख अतिथिको उपप्रध्यापकपर्यटन विधतथा यस संस्थाका सल्लाहाकार श्रीकान्त खतिवडाले हालसम्म संस्थाले गरेका राम्रा गतिबिधिहरुको प्रशंसा गर्दै आगामी दिनहरुमा संस्थाले, प्रादेशिक तथा स्थानिय सरकारी तहका बैंकिङ आर्थिक, पर्यटन क्षेत्र लगायतका योजनातर्जुमा, कार्यक्रम अनुगमन तथा मुल्याङ्कन जस्ता बिषयहरुमा सहयोग पुराउनु पर्ने सुझाब दिनुभएको थियो।

उद्घाटन सत्रको समापन लगतै बसेको बन्ध सत्र र दोस्रो अबिधेशनले आगामी ३ बर्षका लागि कृष्णकुमार लामिछानेको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमितिको सर्बसम्मतबाट चयन गरिएको छ जसमा उपाध्यक्ष(हाललाई खाली), महासचिव रमेश बहादुर खड्का, सचिव भिम प्रसाद उपाध्याय, कोषाध्यक्ष शिलु चालिसे सदस्यहरु क्रमशः त्रिबिक्रम खत्री, यसोधा गौतम, बिष्णु हमाल र अबिन गुरुङ रहेका छन।

संस्थाका महासचिजव रमेश बहादुर खड्काले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा बिभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरी सस्थाका गतिबिधिका बारेमा सामाजिक परीक्षण समेत गरिएको थियो।

**खोप लगाऊ सुरक्षित रहौं**

**खोप लगाएपछि पनि,**

-मास्कको नियमित प्रयोग गरौं।
-अत्यावश्यक परेमात्र बाहिर निस्कौं।
-भीडभाडबाट बचौं।
-कसैलाई भेट्नैपर्दा दुई मिटरको दुरी कायम गरौं,
-साबुनपानीले हात धोऔं,
-साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
-शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ। - प्रेमचन्द

## सम्पादकीय

# सहमति कार्यान्वयन गर

नेकपा (एमाले) विभाजन रोक्न असार २७ गते भएको १० बुँदे सहमति भएको थियो। १० बुँदे सहमतिलाई एमालेले स्वीकार्दै कार्यान्वयनमा लगेको छ। अधिकांश ठाउँमा त्यस अनुसार कार्यान्वयन भएको छ। केहीले ठाउँमा कार्यान्वयनमा समस्या देखिएको छ। कार्यान्वयन हुन नसकेपछि एमालेले १० बुँदे सहमति कार्यान्वयन कार्यदलको संयोजकमा भीम रावललाई चयन गरेको छ।

स्थायी समितिको सोमबार बसेको बैठकले शंकर पोखरेललाई कार्यदलमा थप गरेर संयोजकमा रावललाई चयन गरेको छाएमालेमा समस्या भएको बेला अध्यक्ष केपी शर्मा ओली र बरिस्ठ नेता माधवकुमार नेपालले कार्यदल गठन गरेका थिए। रावल नेपाल पक्षबाट कार्यदल संयोजक थिए। ओली पक्षबाट सुभाष नेम्वाङ संयोजक थिए। पार्टीलाई एकताबद्ध बनाउन भूमिका खेलेका नेताकै क्षेत्रमा समस्या आउनु राम्रो होइन।कार्यान्वयनमा समस्या आएमा समाधान पनि सहमतिमा खोज्नुपर्छ।भिम रावतले संयोजक बनेर अभिभावकले भूमिका खेल्नुपर्नेछ।

२०७५ जेठ २ मा पार्टी फर्काउने भएको १० बुँदे सहमति कार्यान्वयन नभएको भन्दै रावलले पार्टीमा असन्तुष्टि जनाएका थिए। पार्टी विवाद मिलाउन अध्यक्ष केपी ओली र पार्टीका तत्कालीन वरिष्ठ नेता माधव नेपाल पक्षधर नेता सम्मिलित कार्यदलले १० बुँदे सहमति गरेको थियो। नेता नेपालले सहमति मानेनन् र छुट्टै पार्टी गठन गरे। तर, रावललगायत नेपाल पक्षधर नेताहरू १० बुँदे सहमतिमा टेकेर एमालेमै फर्के। धेरै ठाउँमा कार्यान्वयन भएकोले एमालेमा सहमति हुन्छ भन्ने सन्देश गएको छ।

रावलले जेठ २ अघि सुदूरपश्चिम इन्चार्ज आफू भएकाले त्यसको निरन्तरता हुनुपर्ने माग गरिरहेका छन्। अध्यक्ष ओलीले भने माओवादी नफर्केका लेखराज भट्टलाई नै इन्चार्जको जिम्मेवारी दिएका छन्। केन्द्रीय कमिटीको असोज ८, ९ र १० गतेको बैठकमा रावलसहित झपट रावल र भानुभक्त जोशीले १० बुँदे सहमति कार्यान्वयनतर्फ नेतृत्वको ध्यानाकर्षण गराएका थिए। अध्यक्ष ओलीले स्थायी समितिको बैठकमा त्यसबारे सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यदलमा महासचिव ईश्वर पोखरेल, उपमहासचिवद्वय विष्णु पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे, लेखराज भट्ट रहेका छन। कार्यदलको बैठकले बसेर सहमतिमा समाधान निकाल्नु बाच्न नेताहरूले गरेका छन। पार्टी अध्यक्षले सकारात्मक ढंगले कार्यान्वयन गर्ने आश्वसान दिएका छन। सबैलाई समेट्ने गरि कदम चाल्नुपर्नेछ। सहमति तोड्न खोज्दा पार्टीमा समस्या आउने गरेका छन। यस पटक सबैको विश्वास जित्ने गरि काम भएमा नेताहरूबीच देखिएको अविश्वास हट्नेछ।

# मनाङमा आउने पर्यटकलाई स्वागत

-नवीन लामिछाने
मनाङ, १२ असोज (रासस)

सोमबार सेप्टेम्बर २७ अर्थात् ४२औँ विश्व पर्यटन दिवसका दिन मनाङ आएका पर्यटकलाई स्वागत गरिएको छ। विभिन्न कार्यक्रमको आयोजना गरेर विश्व पर्यटन दिवस मनाइरहेका बेला यहाँ आउने पर्यटकलाई स्वागत तथा सम्मान गरिएको हो। यहाँका पर्यटकीय क्षेत्रहरूमा यस दिवसका अवसरमा विशेष कार्यक्रम गरिएको छ। कोभिड-१९ को सङ्क्रमणले थिलथिलो परेको पर्यटन तथा होटल व्यवसायलाई चलायमान बनाउन मनाङवासीले यो तयारी थालेका हुन्।

हिमाली जिल्ला मनाङमा भित्रिएका विदेशी तथा स्वदेशी पर्यटकलाई स्वागत गर्दै सोमबार दिवस मनाइएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो। जिल्लामा अहिले कोभिड सङ्क्रमण न्यून भएसँगै सरकारद्वारा जारी गरिएको मापदण्ड पूर्ण पालना गरी पर्यटन भित्र्याउने तयारीसहित दिवसका दिन मनाङ आइपुगेको पर्यटकलाई स्वागत गर्दै मनाइएको उहाँले बताउनुभयो। "स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गरी भौतिक रूपमा दिवस मनाइएको छ। अब मनाङ आउने पर्यटकलाई सुरक्षाको मापदण्डको पालना गरी भित्र्याउछौँ," लामिछानेले भन्नुभयो, "पर्यटन व्यवसायी तथा होटल व्यवसायी पूर्ण रूपमा पर्यटकको स्वागतमा लागिसक्नुभएको छ।"

दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र मातहत निकाय तथा सरोकार संस्थाले विभिन्न कार्यक्रम गरी दिवस बनाइएको हो। पर्यटन दिवसका अवसरमा अन्नपूर्ण पदमार्गमा आएका पर्यटकलाई पनि सोमबार मनाङमा स्वागत गरिएको छ। घुम्न पैदल यात्रामार्फत आएका पर्यटकलाई बाटोमै रोकेर व्यवसायीले खादा र अबिर लगाएर भव्य स्वागत गरेका थिए। पर्यटन दिवसमा व्यवसायीले पर्यटकहरूको स्वागत गर्दा मनाङ आउन उत्साहित बनाएको इजरायली तथा भारतीय पर्यटकले बताएका छन्।

पर्यटक भित्र्यानका लागि के कस्ता संरचना र समस्या छन् तथा यात्राका क्रममा सहजता कायम गर्न के गर्नुपर्छ भन्ने उद्देश्यले केही दिन मात्र अघि प्रमुख जिल्ला अधिकारी लामिछाने, अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) का प्रमुख लेखनाथ गौतमलगायत जिल्लाका सुरक्षा निकायका प्रमुखहरूले पदमार्गको अनुगमन गर्नुभएको थियो। बाढीपहिरो र कोभिडले थलिएको मनाङमा पर्यटकको आगमनले नयाँ उत्साह थपिने एक्याप मनाङका प्रमुख लेखनाथ गौतमले बताउनुभयो।सोमबार मनाङको मनाङ ङिस्याङ गाउँपालिका-४ मा रहेको एक्याप कार्यालयमा तीन इजरायली र एक भारतीय पर्यटकलाई स्वागत गरिएको थियो। पैदल यात्राबाट भने अहिले मनाङ घुम्न सकिने गौतमले बताउनुभयो। उहाँका अनुसार सवार साधन प्रयोग गर्न सकिने अवस्था भने अहिले छैन। बेँसीसहर-चामे-खाङ्सार सडक खण्ड मर्मतकै क्रममा रहेकाले सवारी भने चलाउन सक्ने अवस्था छैन। पैदल हिँड्न विभिन्न स्थानमा भिरमा जोडेर काठेपुलहरू बनाइएको छ।

पर्यटकहरू विशेषगरी सबैभन्दा उच्च स्थानमा रहेको तिलिचो ताल (४९१९ मी.) र थोराङ्ला पास गरी मुक्तिनाथ जान आउने गरेको पर्यटक मनाङ ङिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष छिनी दोर्जे गुरुङले बताउनुभयो। उहाँका अनुसार पहिराले क्षति पुऱ्याएको तिलिचो ताल जाने बाटो मर्मत तथा पुनर्निर्माण गरिएको छ। यस वर्षको बाढीपहिराले मनाङमा धेरै क्षति पुऱ्याएको छ। यहाँका बाटोघाटो भत्काएको छ भने अन्य आधारभूत संरचनाहरूमा पनि क्षति पुऱ्याएकाले अझै पनि सवारीसाधनहरूको आवतजावतमै समस्या छ। नेपालकै उच्च स्थानमा भएको तिलिचो ताल जाने बाटोको फोहरमैला व्यवस्थापन र खुला दिसामुक्त बनाउने उद्देश्यले विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माण गरिएको छ। साथै कोभिड- १९ को सङ्क्रमणसँगै बाढीपहिराले पुऱ्याएको क्षतिका कारण जिल्लामा पर्यटक भित्र्याउन सहज बनाउनका लागि अनुगमन गरी व्यवस्थापन गरिएको छ। पर्यटन वर्षका रूपमा अघि बढाएको सन् २०२० मा कोभिडका सङ्क्रमणका बीच पनि मनाङ एक हजार नौ सय पर्यटक भित्रिएको अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) का प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो। "कोभिड सङ्क्रमणबीच पनि यहाँ पर्यटक रहेका थिए। हेलिकोप्टरबाट उद्धार गरी स्वदेश फर्किने व्यवस्थासमेत गरिएको थियो," उहाँले भन्नुभयो। लामो समयपश्चात् पर्यटकको चहलपहल देखिँदा कोरोना भाइरस पूर्ण रूपमा निर्मूल भएको आभास भएको छ।

सन् २०१९ मा २६ हजार ६४७, डेङ्गु रोगको सङ्क्रमणका बीच पनि २०१८ सालमा पनि पर्यटक उल्लेख्य भित्रिएका थिए। सन् २०१८ मा २९ हजार चार सय ८४ र सन् २०१७ मा २७ हजार ६८ विदेशी पर्यटक भित्रिएको उहाँले जानकारी दिनुभयो। गौतमका अनुसार स्वदेशी पर्यटकहरू तथ्याङ्क हालसम्म पनि राखिने गरिएको छैन। मनाङ भित्रिएका पर्यटकहरू धारापानीबाट कोही मनास्लु, काङ्ला पास नार्फु, अधिकांश पर्यटक थोराङ्ला पास, मनाङ गाउँ, गङ्गापूर्ण ताल, अन्नपूर्ण सर्किट पुग्ने गर्दछन् भने केही मनाङको संस्कृति, परम्परा, भौगोलिक अवस्था र कतिपय चाहिँ मनाङका हिमालहरू आरोहणका लागि पर्यटक आउने गरेका छन्।

पर्वतारोहणका लागि आउने पर्यटकहरू मनाङमै प्रशिक्षणसमेत लिने गरेका छन्। विदेशी पर्यटकका लागि मनाङ प्रशिक्षणको केन्द्र रहेको पनि बताउने गरेका छन्। मनास्लु (किलर माउन्टेन) जुलु फरेस्ट, हिमलुङ हिमाल, थोराङ्ला पिक, पिसाङ पिक लगायतमा पर्वतारोहण गर्नुअघि मनाङ ङिस्याङ गाउँपालिका-४ हुम्देस्थित प्रशिक्षण केन्द्रमा तालिम लिने गरेको पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताउनुभयो। उहाँका अनुसार प्रशिक्षण लिएपछि क्लाइम्बिङ गर्न विभिन्न हिमालको गन्तव्यतर्फ लाग्ने गर्दछन्। अन्नपूर्ण दोस्रो, चौथो, लमजुङ हिमाल, गङ्गापूर्ण हिमाल, गणेश हिमाल, तिलिचो पिक, नीलगिरि हिमशृङ्खला अवलोकन गर्दै आरोहणका लागि पर्यटक आउने गर्दछन्।

लमजुङको सदरमुकाम बेँसीसहरबाट सुरु हुने अन्नपूर्ण पदमार्ग मनाङको ताल, धारापानी, चामे, मनाङ हुँदै मुस्ताङको घुमेर पर्यटक कास्कीको नयाँपुलमा पुगेर यात्रा पूरा गर्ने गरेका छन्। अठार दिनसम्मको पदयात्रामा १० दिन मनाङमा पर्यटक रहने छन् भने बाँकी समय मुस्ताङ र कास्कीमा रहने गरेका छन्।

# दोबिल्ला-फलेवास सडक बन्द, दक्षिण पर्वतवासीलाई सास्ती

रासस
पर्वत, १२ असोज

वैकल्पिक सडकको व्यवस्था नभइकन सडकमा सवारी साधन सञ्चालनमा रोक लगाएपछि पर्वतको दक्षिणी क्षेत्रका बासिन्दालाई समस्या भएको छ। दोबिल्ला-फलेवास सडकखण्डअन्तर्गत घोइनाउलामा ढलान गर्न आइतबारदेखि सवारी साधान चल्न रोक लगाइएको हो। घोइनाउलामा सडक रोकिँदा देशका विभिन्न स्थानबाट फलेवास हुँदै दक्षिणी क्षेत्रतर्फ जाने सवारी साधानलाई समस्या भएको छ।

वैकल्पिक सडकका रूपमा रहेको मुडिकुवा मोदीबेनी कुश्मा सडक पहिराले अवरुद्ध छ। अन्य कुनै वैकल्पिक सडक नहुँदा फलेवास हुँदै कुश्मा, पोखरा, काठमाडौँ, चितवनलगायत ठाउँमा जाने आउने सवारी साधान चल्न सकेका छैनन्। त्यस्तै दूध तथा तरकारी ढुवानीमा समेत समस्या भएको कृषकको गुनासो छ। कुश्मासम्म आउने जीपले यात्रुलाई सिर्सुवाको पुलमा ल्याएर छाड्ने र गाउँतर्फ जाने यात्रु त्यहीँबाट जीप चढाएर गाउँसम्म जाने गरेका छन्। मुडिकुवाबाट पुलसम्म आउने सडक साँघुरो हुँदा जीप, भ्यानबाहेक ठूला सवारी साधन गुड्न सक्दैनन्।

वैकल्पिक सडक नहुँदा बिरामीलाई अस्पतालसम्म लैजान समस्या भएको कुर्घाका सुनिल शर्माले गुनासो गर्नुभयो। फलेवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण सापकोटाले वैकल्पिक सडकका रूपमा साइकलचोक-तातोपानी-रुग्दी-चुरी-चितिपानी हुँदै फलेवास जाने सडकलाई प्रयोग गर्न भनिएको बताउनुभयो। उक्त सडक निकै घुमाउँरो भएकाले प्रभावकारी नदेखिएको सवारी चालकले बताएका छन्। घोइनाउलाको सडकको ढलान गर्न असोज १६ गतेसम्म सवारी आवागमनमा रोक लगाइएको हो।

# पूर्वविद्यार्थी मञ्चद्वारा विद्यालयलाई सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, १२ असोज

जिल्लाको भानुनगरपालिका-१३ ठूलोढुङ्गास्थित अरनिको माविका पूर्वविद्यार्थी मञ्चले विद्यालयलाई आर्थिक सहयोग जुटाउन लागेका छन्। उक्त विद्यालयमा यही शैक्षिक सत्रदेखि आधारभूत तहमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्न रकम अपुग भएपछि मञ्चले सहयोग गर्न आह्वान गरेको थियो। अहिले रकम सङ्कलन जारी छ।

अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्दा वार्षिक रु एक लाख बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्ने र विद्यालयको आर्थिक स्रोत नभएपछि आर्थिक स्रोत जुटाउन थालिएको मञ्चका सचिव रामकृष्ण कुवँरले जानकारी दिनुभयो।

पूर्वविद्यार्थी कोष स्थापना अभियानमा विदेशबाट मात्र नभई स्वदेशमा रहनुभएका पूर्वविद्यार्थीले पनि सहयोगका लागि उत्साहित भएको उहाँले बताउनुभयो। मञ्चले हालसम्म सङ्कलन गरेको रु साठी हजार सोमबार विद्यालयका प्रधानाध्यापक शैलेन्द्रकुमार शाहलाई हस्तान्तरण गरिसकिएको जनाएको छ।

भानु घर भई हाल अष्ट्रेलिया रहनुभएका प्रेम गुरुङबाट रु २५ हजार, भानु घर भई हाल मकाउ रहनुभएका प्रकाश थापाबाट रु १० हजार तथा भानु घर भई हाल दुबई रहनुभएका रबिन खड्काबाट रु १० हजार आर्थिक सहयोग गर्नुभएको छ।

भानु बर्खोला निवासी प्रेम गुरुङबाट पाँच हजार पाँच सय, पुलिमराङ निवासी युवराज गुरुङबाट रु पाँच हजार र महम्मद तालिम मियाबाट रु पाँच हजार पाँच आर्थिक सहयोग गर्नुभएकाले उक्त रकम प्रअ शाहलाई हस्तान्तरण गरिएको पूर्वमञ्चका सचिव कुवँरले जानकारी दिनुभयो।


**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : शत्रुको भय |
| वृष | : मन चञ्चल | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# विभागीय टोली एपिएफ र न्यू डाइमन्ड विजयी

रासस
काठमाडौँ, १२ असोज

छैटौँ राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपअन्तर्गत महिलातर्फ विभागीय टोली नेपाल एपिएफ क्लब र न्यू डायमन्ड स्पोर्ट्स क्लबले जीत हासिल गरेका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आज भएको महिलातर्फको खेलमा एपिएफले तीन भारतीय खेलाडी सम्मिलिन ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गरेको हो। एपिएफले ढोरपाटनमाथि पहिलो सेट २५-११, दोस्रो सेट २५-७ तथा तेस्रो सेट २५-६ ले आफनो पक्षमा पाऱ्यो। त्यस्तै अर्को खेलमा न्यू डायमन्ड स्पोर्ट्स क्लबले एभरेस्ट भलिबल ट्रेनिङ क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै जीत हासिल गऱ्यो। डायमन्डले पहिलो सेट २५-६, दोस्रो २५-५ र तेस्रो तथा अन्तिम सेट २५-१३ को जीत निकाल्न सफल भयो।

महिला र पुरुष टोलीको विजेताले समान रु चार लाख तथा उपविजेताले रु दुई लाख प्राप्त गर्नेछन्। त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख प्राप्त गर्नेछन्। च्याम्पियनसिपमा सर्वोत्कृष्ट घोषित हुने खेलाडीले रु २५ हजार पाउनेछन् भने उत्कृष्ट घोषित हुने अन्य विधा स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्स र प्रशिक्षकले जनही रु १० हजार प्राप्त गर्नेछन्।

# यस वर्ष मौसम ढिला बाहिरिने

रासस
काठमाडौँ, १२ असोज

यस वर्ष मनसुन औसत समयभन्दा केही दिन ढिला गरी बाहिरिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुन बाहिरिनका लागि पश्चिमबाट पूर्वतिर हावा बहनाका साथै बङ्गालको खाडीबाट जलवाष्पयुक्त हावा आउने क्रम रोकिनुपर्ने भएकाले अहिलेसम्म त्यो अवस्था नरहेकाले मनसुन औसत समयभन्दा केही ढिलो बाहिरिने सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले बताउनुभयो। उहाँका अनुसार अब भारी वर्षाको सम्भावना भने रहेको छैन।

यस वर्ष मनसुन गएको जेठ २८ गते नेपाल भित्रिएको थियो। यस वर्षदेखि मनसुनको अवधि परिमार्जन भएको छ।


**SURYA BLENDERS PVT LTD**

**Tanahu, Nepal**

**मुल्य सुची सम्बन्धमा सुचना**

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको मदिरा नेपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ. व. ०७८।०७९ का लागि मिति २०७८।०६।१४ देखि लागू हूने गरी निम्न बमोजिम मुल्य प्रकाशित गरिएको हूंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मुल्यमा अन्तःशूल्क, मु. अ. कर र अन्य शूल्क समेत समावेश गरिएको छ।

| मूल्य बिवरण (प्रती कार्टून) | Arrow Extra Strong 70 UP 300 ML | XCITE GOLD 70 UP 300 ML |
|---|---|---|
| नेशनल डिष्ट्रिब्यूटर्स मुल्य | १,४९९।00 | १,२०९।00 |
| नेशनल डिष्ट्रिब्यूटर्स कमिशन | ५१।00 | ५१।00 |
| डिष्ट्रिब्यूटर्स मुल्य | १,५५०।00 | १,२६०।00 |
| डिष्ट्रिब्यूटर्स कमिशन | ९०।00 | ७०।00 |
| होलसेल मुल्य | १,६४०।00 | १,३३०।00 |
| होलसेल कमिशन | ८५।00 | ६५।00 |
| रिटेल मुल्य | १,७२५।00 | १,३९५।00 |
| रिटेल कमिशन | १९४।७० | १३५।00 |
| उपभोक्ता मुल्य | १,९१९।७० | १,५३०।00 |
| उपभोक्ता मुल्य प्रती बोतल | ६३।९९ | ५१।00 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य छूटहरु समाबेस गरिएकोले आवश्यकता अनूसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनूमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ। नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नूपर्नेछ।

# ‘दूध बेच्ने रहर छ, छोइन्छ भन्छन् नबिक्ने डर छ’

**रासस**
**बागलुङ, १२ असोज**

पवित्रा विश्वकर्माकामा दुईवटा भैँसी छन् । लैनोमा तिनले पुगेसरी दूध दिन्छन् । दुःखजिलो गरेर पालेका भैँसीको दूध बेच्न भने उहाँले पाउनुहुन्न । “दूध बेच्न मन त छ तर बिक्री हुँदैन, गाउँमा छोइन्छ भन्छन्, किन्न मान्दैनन्”, ४३ वर्षीया विश्वकर्माले दुःखेसो पोख्नुभयो ।

उहाँको थातथलो रहेको बागलुङ नगरपालिका-७ कालिमाटी दलित बाहुल्य बस्ती हो । विश्वकर्माझैँ त्यहाँका दलित समुदायका सयौँ किसान दूध बेच्नबाट बञ्चित छन् । घ्यू नै बनाए पनि बजार नपाउने स्थिति छ। दूध, घ्यू बेचेर आयआर्जन सुधार्ने उनीहरूको पवित्र चाहनामा सामाजिक कलङ्क ‘जातीय छुवाछूत’ तगारो बनेको छ । ५७ वर्षीय भीमबहादुर किसान आफूहरूले उत्पादन गरेको दूधले बजार नपाएको बताउनुहुन्छ । उहाँकामा पनि दुहुनो भैँसी छ तर चाहेर पनि दूध बिक्री हुँदैन ।

“बजार पाए त हामीले पनि दूध बेच्थ्यौँ, तर यहाँ छोइछिटो गर्ने चलन छ”, भीमबहादुरले भन्नुभयो, “दलितले उत्पादन गरेको दूध सहजै बिक्री हुने वातावरण अझै छैन ।” दैलोमा रहेको ‘कालिमाटी दुग्ध उत्पादक सहकारी संस्था’लाई टुलुटुलु हेर्न विवश छन्, दलित समुदायका किसान । सहकारीले गाउँका अरु किसानबाट दूध सङ्कलन गर्छ । तर दलित समुदायका किसानको दूध भने सहकारीसम्म आइपुग्दैन । दलित अगुवा विकास विश्वकर्माका भनाइमा विभेदको डर र सङ्कोचका कारण दलित समुदायका किसान दूध लिएर सहकारीसम्म जान सकेका छैनन् । “सहकारीले हाम्रो दूध लिनै चाहँदैन, यो विषयमा कुराकानी गर्न पनि उहाँहरू तयार हुनुहुन्न”, उहाँले भन्नुभयो, “दलित किसानलाई पनि सेयर दिनका लागि कैयौँपटक आवाज उठायौँ तर विभिन्न बहाना बनाउँदै सहकारी पन्छिने गरेको छ ।” हरेक दलित परिवारमा भैँसीपालन भइरहेको र त्यहाँको दूध खाइपिइ र घरायसी प्रयोजनमै सीमित हुने गरेको उहाँको भनाइ छ । विसं २०५७ मा खुलेको सहकारीलाई गाउँका सीमित व्यक्तिहरूले आफूअनुकूल र मनलाग्दी हिसाबले सञ्चालन गर्दै आएको दलित समुदायका सदस्यको आरोप छ । सहकारीले सेयर दिनुपर्ने र आफ्नो घरको दूध पनि उठाउनुपर्ने माग उनीहरूको छ । सहकारीका व्यवस्थापक ज्ञानेन्द्र गौतमले बेलाबेला दलित समुदायबाट यस्तो कुरा उठ्ने गरे पनि बीचमै सेलाउने गरेको बताउनुभयो । “उहाँहरूले दूधको व्यावसायिक उत्पादन गर्नुहुन्न, साउन/भदौताका दूध धेरै हुँदा मात्र यस्तो कुरा आउँछ”, उहाँले भन्नुभयो । व्यावसायिक किसानले सुक्खा याममा पनि दूध उत्पादन गर्न सक्नुपर्ने गौतमले तर्क गर्नुभयो । उहाँले सहकारीमा अहिले ७०/७१ जना जति सेयर सदस्य रहेको र त्योभन्दा बढी थप्ने नीति नरहेको उल्लेख गर्नुभयो । गौतमले दलित समुदायले आफैँ पनि सहकारी खोलेर दूध बेच्न सक्ने भन्दै कालिमाटी दुग्ध सहकारीले उनीहरूकोबाट दूध लिन नचाहेकोबारे स्पष्ट जवाफ दिन चाहनुभएन । “२५ जना भए सहकारी खोल्न पाइन्छ, उहाँहरूले सहकारी बनाएर आफ्नो दूध बेचे भयो नि, हामीले त्यही गरेको हो”, उहाँले भन्नुभयो ।

सुरुआतमा १२० सेयर सदस्य रहेकामा कारोबार नगर्नेलाई हटाएपछि अहिले सेयर सदस्य घटेर ७० मा पुगेको गौतमले बताउनुभयो । कालिमाटीबाट दैनिक १५० लिटर दूध सदरमुकाम झर्छ । दलित समुदायका किसानलेसमेत उक्त सहकारीमा दूध सङ्कल गर्न पाएमा त्यो मात्रा अझ बढ्नेछ । गाउँघरमा बसेर पनि गाई, भैँसी नपाल्नेहरू उपल्लो जातका घरघरै पुगेर दूध किन्छन् । तर कालिमाटीका दलितलाई भने त्यस्तो अवसर पनि छैन । कालिमाटीमा २०० बढी घरधुरी दलित छन् । हरेकका घरमा वस्तुभाउ छन् । अफसोच परम्परागत खेती किसानीलाई व्यावसायिक बनाउँछु भन्दा पनि समाज बाधक छ । ‘गाउँको सिँहदरबार’ भनिने स्थानीय तहले पनि आफ्नो मर्का नबुझेको गुनासो दलित समुदायको छ । आजको खुला र आधुनिक समाजमा पनि कोही मानिस जातका आधारमा भेदभावको सिकार बन्नुपर्ने दुःखदायी स्थितिलाई राज्यका संयन्त्रबाटै नजरअन्दाज गरिनु विडम्बनापूर्ण छ ।

गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले दलितको दूध बिक्री नहुने स्थिति देशकै लागि लज्जाको विषय भएको बताउनुहुन्छ । उहाँले मन्त्रालय र स्थानीय तह मातहतका निकायलाई सो विषयमा यथाशीघ्र सहजीकरण गर्न लगाउने प्रतिबद्धता जनाउनुभयो । “दलितले उत्पादन गरेको दूध स्वीकार्य नहुने भन्ने कुरा लज्जास्पद छ, तालुक मन्त्रालय पनि भएकाले यो मुद्दामा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ”, मन्त्री बुढाले भन्नुभयो, “सम्बन्धित सहकारीलगायत मातहतका निकायलाई समस्या समाधानका लागि प्रक्रिया अगाडि बढाउन मन्त्रालयबाट निर्देशन हुन्छ ।”

# पूर्वाधार अभावमा स्वास्थ्य सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १२ असोज**

पूर्वाधार अभावमा म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङमा रहेको स्वास्थ्यचौकीको सेवा प्रभावित बनेको छ ।

पुरानो, जीर्ण र साँघुरो कोठा भएको भवनबाट स्वास्थ्यचौकी सञ्चालन गर्न समस्या भएको हो । स्वास्थ्यचौकीका अहेव लेखनाथ गौतमले पूर्वाधार अभावमा सेवा प्रभावित बनेको बताउनुभयो ।

“चार वर्षअघि सुरु भएको भवन निर्माण अझै सकिएको छैन”, उहाँले भन्नुभयो, “बर्खामा पानी चुहिने जीर्ण भवनमा दुःखकष्टका साथ सेवा दिएका छौँ”, कच्ची भवनका कोठा साँघुरा छन् । करिब २५० घरधुरीले सेवा लिने स्वास्थ्यचौकीको कामकाज प्रभावित बनेको हो । जीर्ण, साँघुरो र पानी चुहिने कच्ची भवनमा स्वास्थ्य संस्था सञ्चालन गर्दा नागरिकलाई समस्या भएको छ ।

प्रसूति गराउने, बिरामीको स्वास्थ्य परीक्षण र घाउ, चोटपटक सफा गर्ने ठाउँ साँघुरो छ । सिङ्गो स्वास्थ्यचौकी तीनवटा कोठामा सीमित छ । पर्याप्त कार्यकक्ष नहुँदा सेवा प्रवाहमा समस्या भएको अहेव गौतमले बताउनुभयो । एक कोठामा प्रशासन र बिरामीको उपचार गर्ने कक्ष राखिएको छ भने एक कोठामा औषधि भण्डारण र अर्कोमा प्रसूतिकक्ष राखिएको छ ।

दैनिक १० जना सेवाग्राही आउने गर्छन् । विभिन्न तहका छ जनाको दरबन्दी भएको स्वास्थ्यचौकीमा हाल कार्यरत तीन जनामध्ये एक जना मासिकाबाहेक अरु दुई जना करारका हुन् । चार वर्षअघि निर्माण सुरु भएको स्वाथ्यचौकीको भवनले पूर्णता नपाउँदा अलपत्र परेको छ । दुईतले १४ कोठे भवन १८ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित वर्ल्डवाइड मालिका भगवती जेभीले रु एक करोड ७४ लाखमा ठेक्का लिएको थियो । भवन छाउने, रङरोगन गर्ने, फर्निचर, विद्युत्, पानी जडान, पर्खाल र घेराबारलगायत काम बाँकी छ । स्थानीय भीम छन्त्यालले सम्बन्धित कार्यालय, निर्माण व्यवसायी र सरोकारवालाको बेवास्ताका कारण भवन निर्माणमा ढिलाइ गरेका बताउनुभयो । स्थानीय सहायक ठेकेदारहरूले अधकल्चो बनाएर करिब एक वर्ष रोकिएको भवन निर्माणकार्य आगामी चैतभित्र सम्पन्न गर्ने निर्माण व्यवसायी गोपाल भट्टचनले प्रतिबद्धता जनाउनुभयो ।

# दुई पालिकाद्वारा स्थानीय पाठ्यक्रम लागू

**पोखरापत्र संवाददाता**
**लमजुङ, १२ असोज**

यहाँका दुई स्थानीय तहले विद्यालयमा स्थानीय पाठ्यक्रम लागू गरेका छन् । स्थानीय परिवेशलाई समावेश गर्दै मर्स्याङ्दी गाउँपालिका र मध्यनेपाल नगरपालिकाले१देखि५कक्षासम्मका लागि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा ल्याएका हुन् ।

स्थानीय पाठ्यक्रममा स्थानीय आवश्यकता, सम्भावना र स्थानीय स्रोतसाधन तथा स्थानीय परिवेश अनुकूल र विभिन्न क्षेत्रमा योगदान दिएका व्यक्तिको चिनारीका विषयलाई जोड दिइएको नगरप्रमुख रमेशकुमार पाण्डेले जानकारीदिनुभयो । उहाँलेभन्नुभयो,“पाठ्यक्रममापालिकाभित्रका ऐतिहासिक तथा सांस्कृतिक र भौगोलिक पहिचान, वनजङ्गल, जडीबुटी, कृषि, अन्य विविधता समेटिएको छ ।” स्थानीय पाठ्यक्रम निर्माणका लागि नगरपालिका प्रमुख प्रशासकीय अधिकृतसहित शिक्षा शाखाका प्रमुख र दुई स्थानीय शिक्षकसहित पाँच सदस्यीय समिति गठन भएको थियो । पाठ्यक्रम तयार पार्न प्रधानाध्यापक, अभिभावक, राजनीति सङ्गठनका प्रतिनिधि, शिक्षक प्रतिनिधि, जनप्रतिनिधिबाट सुझाव सङ्कलन गरिएको र सोही आधारमा विषयलाई पनि प्राथमिकता दिएको नगरप्रमुख पाण्डेको भनाइ छ । सरोकारवालाको सुझावका आधारमा पाठ्यक्रममा उत्पादन र जीविकोपार्जनका विषयलाई मुख्य प्राथमिकता दिएको छ । स्थानीय स्रोतसाधनको परिचालन, जीविकोपार्जनको सम्भावना तथा धर्म संस्कृतिको प्रवर्द्धन, सामाजिक, राजनीतिक क्षेत्रमा योगदान दिएका व्यक्तिका चिनारीका विषयवस्तु समावेश गरिएको नगरपालिकाले जनाएको छ । विज्ञ र स्थानीय सरोकारवालाको समन्वयमा तयार भएको स्थानीय पाठ्यक्रमले मध्यनेपाल नगरपालिकाका साथै समग्र जिल्लाको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सामाजिक तथा कृषि, पर्यटनलगायत चिनारीमा सहयोग पुग्ने बताइएको छ ।

मर्स्याङ्दी गाउँपालिका शिक्षा शाखा प्रमुख देवराज पौडेलले भन्नुभयो, “लागू गरिएको स्थानीय पाठ्यक्रममा गाउँपालिकाको रहनसहन, वेशभूषा, ऐतिहासिक, पर्यटकीयस्थल, संस्कृति, विशिष्ट व्यक्तित्वको चिनारी समावेश गरिएको छ । यहाँका विद्यार्थीलाई भूगोल, संस्कार, संस्कृति, रीतिरिवाजलगायत सम्बन्धी थाहा हुने भएकाले यस पाठ्यक्रम महत्वपूर्ण हुने उहाँको भनाइ छ ।” पालिकाभित्र ५५ विद्यालय छन् ।

मध्यनेपालका शिक्षा शाखा प्रमुख श्रीप्रसाद भट्टराईका अनुसार आफ्ना पालिकाभित्र ५० विद्यालय रहेको र कक्षा १ देखि ५ सम्म तीन हजार ५०० जनाका हाराहारीमा विद्यार्थी छन् । संविधानले आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार प्रत्याभूत गरेको छ ।

यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा पनि कक्षा १ देखि ८ सम्म स्थानीय विषय पढाउन सकिने प्रावधान छ । यहाँ आठ स्थानीय तह रहेकोमध्य दुई पालिकाले मात्र स्थानीय पाठ्यक्रम लागू गरेका छन् ।

# नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु

**रासस**
**म्याग्दी, १२ असोज**

राष्ट्रिय खेलकुद परिषद्ले आसन्न नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु गरेको छ ।

गण्डकी प्रदेशमा आगामी फागुन महिनामा प्रतियोगिता सञ्चालन गर्ने तयारीसहित पूर्वाधार निर्माण, खेल प्रशिक्षण र व्यवस्थापकीय काम सुरु गरेको राखेपले जनाएको छ । पहिलो चरणमा खेल पूर्वाधार, प्रशिक्षक, रेफ्रीलगायत जनशक्तिको अवस्थाको स्थलगत अध्ययन सुरु गरेको परिषद्का सदस्य राजेश गुरुङले बताउनुभयो । राखेप सदस्य गुरुङ र गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष भोजबहादुर गुरुङसहितको टोलीले आज म्याग्दीका खेलमैदान र कबर्ड हलको निरीक्षण, जिल्ला खेलकुद विकास समिति र खेल सङ्घका पदाधिकारीसँग छलफल गरेको छ । कुन जिल्लामा कुन खेल सञ्चालन गर्न उपयुक्त हुन्छ भन्ने पहिचानका लागि राष्ट्रिय रेफ्री, खेल सङ्घका पदाधिकारी र प्राविधिक टोलीसहित यसअघि लमजुङ, गोरखा र तनहुँमा टोलीले सम्भाव्यता अध्ययन गरिसकेको छ । टोलीले बेनीको कालीपुलमा रहेको बाँस्केटबल, खुल्लामञ्च र चुत्रेनीको खेलमैदानको निरीक्षण गरेको छ । कोरोना भाइरसको विश्वव्यापी महामारीका कारण २०७७ फागुन २१ गतेदेखि सञ्चालन गर्ने तय भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता स्थगित भएको थियो ।

“२०७८ फागुन ६ देखि १६ सम्म प्रतियोगिता आयोजना गर्न खेलकुद मन्त्रालयलाई राखेपले प्रस्ताव गरेको छ”, सदस्य गुरुङले भन्नुभयो, “कोरोना सङ्क्रमणको दर घटेको, पूर्वाधार तयार भएको, कोरोनाविरुद्धको खोपको पहुँच बढेको र अर्थ मन्त्रालयले बजेटको व्यवस्था गरेकाले फागुन महिनासम्म प्रतियोगिता गर्न सकिन्छ ।”

खेलकुदमन्त्री नियुक्त हुने बित्तिकै मिति घोषणा गरेर पालिका, जिल्ला र प्रदेश स्तरीय छनोट प्रतियोगिताको काम अघि बढाउने भएकाले तयारी गर्न खेलाडीलाई सदस्य गुरुङले आग्रह गर्नुभयो । राखेपले गण्डकी प्रदेशका ११ वटै जिल्लामा प्रतियोगिताअन्तर्गतका खेल आयोजना गर्ने योजना बनाएको छ ।

यद्यपि अधिकांश खेलहरू पोखरा महानगरभित्रै हुनेछन् । पौडीको पूर्वाधार तयार भएको र सुटिङ खेलका लागि पनि पूर्वाधार निर्माण प्रक्रिया अघि बढेको सदस्य गुरुङले बताउनुभयो । मुख्य खेलस्थलका रूपमा रहने पोखरा रङ्गशाला निर्माण सकिएको छ । एक हजार जना दर्शक क्षमताको रङ्गशालाको चारैतर्फ प्यारापिट जडान भइसकेको छ ।

# जुम्लामा चट्याङले चालिस भेडा मरे

**रासस**
**काठमाडौं, १२ असोज**

जुम्लाको गोठीचौर गाउँपालिकाको पाटनमा सोमबार राति चट्याङ लागेर भेडाबाख्रा मरेका छन् । चट्याङ लागेर ४० भेडा मरेका छन् भने १५ भेडा घाइते भएको सो गाउँपालिकाका स्थानीयवासी रामप्रकाश विकले बताउनुभयो ।

सो गाउँपालिका-४ स्थित सामुदायिक वनअन्तर्गत चिमारा लेक नजिकै डाब भन्ने ठाउँमा चट्याङ लागेर सोही वडाका नानो भण्डारीका १० भेडा मरेको दुई घाइते, मुनबहादुर भण्डारीका चार मृत्यु दुई घाइते, मुणिप्रसाद अधिकारीका १७ मरेको सात घाइते र देवीप्रसाद अधिकारीको नौ मृत्यु, चार घाइते भएको इलाका प्रहरी कर्यालय गुठीचौरका इञ्चार्ज कमल श्रेष्ठले बताउनुभयो । चट्याङ लागेर भेडाबाख्रा मरेपछि करिब छ लाख ५० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

पाटन क्षेत्रमा परेको चट्याङबाट भेडापालक किसानको पुर्ख्यौली पेशालाई नै निकै प्रभावित बनाएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अम्मराज गिरीले बताउनुभयो । उहाँले भन्नुभयो, “यो क्षेत्रको अधिकांश स्थानीयको मुख्य आम्दानीको स्रोत भनेकै भेडापालन हो ।” भेडापालक किसानलाई राहतका लागि गाउँपालिकामा छलफल गरेर मात्र राहतको कुरा अघि बढ्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत गिरीले बताउनुभयो ।

भेडा मरेपछि व्यावसायिक रूपमा भेडा पालेरै जीविकोपार्जन गर्दै आएका किसानलाई रोजीरोटी जुटाउन मुश्किल पर्ने गुठीचौर गाउँपालिकाका स्थानीयवासी बताउँछन् । ठूलो मात्रमा क्षति भएपछि भेडापालक किसानले राहतको माग गरेका छन् । जुम्लामा विसं २०७० मा निरन्तर परेको असिनापानी र हावाहुरीले करिब ७०० भेडाबाख्रा मरेका थिए भने विसं २०७७ मा ५०० भेडा मरेको तथ्याङ्क रहेको पशुसेवा कार्यालय जुम्लाले जनाएको छ ।


## आवश्यकता

**यस क्याम्पसमा वित्तशास्त्र(Finance) विषयको सहायक प्राध्यापक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।**

| क्र.सं. | पद | सेवा | संख्या | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहायक प्राध्यापक (शिक्षक सहायक) | पूर्णकालीन | १ | - मान्यता प्राप्त शैक्षिक संस्थावाट व्यवस्थापन सङ्काय अन्तर्गत वित्तशास्त्र विषयमा कम्तिमा दोस्रो श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको | एम.फिल., पि.एच.डी तथा अनुभवीलाई प्राथमिकतामा राखिने छ । |

१. **उमेर :** ४० वर्ष ननाघेको
२. **आवश्यक कागजात :** नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, एस.एल.सी. देखि सम्वन्धित तह उत्तीर्ण गरेको शैक्षिक प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्ने छ ।
३. **निवेदनको अन्तिम म्याद :** २०७८ आश्विन १८ गते सोमबार दिउँसो १२:०० बजेसम्म ।
४. **निवेदन शुल्क :** रु. २०००/- (दुई हजार रुपैयाँ मात्र)
५. **परीक्षाको किसिम :** अन्तर्वार्ता र प्रयोगात्मक
६. **तलब स्केल :** क्याम्पसको नियमानुसार
७. **सम्पर्क मिति :** २०७८ आश्विन १९ गते मंगलबार

**विस्तृत जानकारीका लागि**
**वालिङ बहुमुखी क्याम्पस**
**वालिङ, स्याङ्जा**



## हार्दिक समवेदना



जन्म
वि.सं १९९७/०१/१२

स्वर्गारोहण
वि.सं. २०७८/०६/०१

**स्व. तिलमाया सिग्देल**

यस विद्यालयमा कार्यरत शिक्षक श्री सुलोचना पोखरेलकी ममतामयी आमा तिलमाया सिग्देलको असामयीक निधनको खबरले हामी मर्माहत भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ, साथै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ।

रामदत्त पौडेल
प्रधानाध्यापक

शिवराज बास्तोला
वि.व्य.स. अध्यक्ष

तथा

**महेन्द्र माध्यमिक विद्यालय परिवार**
**नयाँबजार, पोखरा-९, कास्की**